**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ८ गते बिहीबार ❑ 22 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा खर्च धिमेगतिमा ६ महिनामा १६ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

गण्डकी प्रदेश सरकारको खर्च यस बर्षको आधा बर्ष सकिदा पनि खर्च गर्ने प्रणालीमा खासै सुधार हुन सकेन् । यस बर्षको ६ महिनाको अवधिमा पनि बजेट खर्च निकै न्यून १६ प्रतिशत मात्र रहेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेशले सार्वजनिक गरेको प्रतिवेदन अनुसार कुल ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार रुपैयाँ बजेटमध्ये पुस मसान्तरसम ५ अर्ब ३३ करोड ५६ लाख २४ हजार ४ सय ५४ रुपैयाँ खर्च भएको छ । चालु, पूँजीगत र वित्तीय शीर्षक अन्तर्गत भएको यो खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा केही कमी भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखा नियन्त्रक सुरेश सुवेदीले बताउनु भयो । अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को यही अवधिमा करिब १९ प्रतिशत बजेट खर्च भएको थियो भने यस वर्ष त्यो घटेर करिब १६ प्रतिशतमा सीमित भएको हो । यस बर्ष जेनजी आन्दोलनले मन्त्रालयहरुमै आगजनी र तोडफोड भएकोले कार्यालय संचालनमा आउन केही समय लागेकोले बजेट कार्यान्वयन गर्न केही कठिनायी भएकोले गत बर्षको तुलनामा थोरै कम खर्च भएको उहाँले जनाउनु भयो । चालु तर्फ २ अर्ब ६३ करोड ७१ लाख ३३ हजार १ सय ४७ रुपैया पुस मसान्तरसम्ममा खर्च हुँदा पुंजिगत तर्फ भने २ अर्ब ६८ करोड ८४ लाख ९१ ह्जार ३ सय ७ रुपैया खर्च भएको तथ्याङकमा उल्लेख छ । पूँजिगत तर्फ १४.१३ प्रतिशत र चालुतर्फ भने २०.८८ प्रतिशत ६ महिनामा खर्च भएको हो । चालु तर्फ चालु आर्थिक बर्षमा १२ अर्ब ६२ करोड ९२ लाख २५ हजार बजेट विनियोजन भएको छ भने पूँजितर्फ १९ अर्ब १० करोड ७ ।लख ७४ हजार रुपैया बजेट विनियोजन भएको हो । मन्त्रालयगत रूपमा हेर्दा सबैभन्दा धैरै बजेट भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको रहेको छ । उक्त मन्त्रालयका लागि १२ अर्ब ७ करोड ८२ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा चालु आ.व.को पुससम्म १ अर्ब ९५ करोड १७ लाख ९७ हजार रुपैयाँ अर्थात १६.१६ प्रतिशत खर्च भएको हो ।

उद्योग तथा पर्यटन मन्त्रालयमा भने ८४ करोड ७८ लाख ४३ हजार रुपैयाँ बजेटमध्ये जम्मा ४ करोड २५ लाख ८६ हजार ९ सय ८१ रुपैयाँ खर्च भएको छ, जुन ५ प्रतिशतभन्दा कम हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले १ अर्ब ४ करोड ३९ लाख रुपैयाँ बजेटमध्ये १० करोड २० लाख ४३ हजार रुपैयाँ खर्च गरेको छ । आर्थिक मामिला मन्त्रालयले २३ करोड ३१ लाख २५ हजार रुपैयाँ बजेटमध्ये २ करोड ७६ लाख ८२ हजार रुपैयाँ खर्च गरेको विवरणमा उल्लेख छ ।

## उम्मेदवारी दर्तासँगै निर्वाचनमा होमिए दलहरू

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

प्रतिनिधिसभा सदस्यका लागि मङ्गलबार उम्मेदवारी दर्ता गरेसँगै कास्कीका राजनीतिक दल निर्वाचनमा होमिएका छन् ।

जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा १८ राजनीतिक दलका उम्मेदवारसँगै छ जना स्वतन्त्र उम्मेदवार गरी ४९ जनाको उम्मेदवारी दर्ता भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले वडाबाट चुनाव लक्षित भेटघाट तथा छलफल थालेको छ । एमालेले कास्की क्षेत्र नं १, २ र ३ मा क्रमशः बैनबहादुर अधिकारी क्षेत्री, रश्मी आचार्य र दामोदर बैरागीलाई उम्मेदवार बनाएको छ ।

नेपाली कांग्रेसले पनि उम्मेदवारी दर्तासँगै चुनाव केन्द्रित छलफललाई सघन बनाएको छ । कांग्रेसले क्षेत्र नं १, २ र ३ मा क्रमशः तिलक रानाभाट, माधवप्रसाद बाँस्तोला र मनोज गुरुङलाई उम्मेदवार बनाएको छ ।

नेपाली कम्युनिष्ट पार्टीले चुनावको तयारीस्वरुप आज उम्मेदवार एवं जिल्लामा उपलब्ध केन्द्रीय सदस्यसँग छलफल गर्ने बताएको छ । पार्टीका जिल्ला संयोजक विश्वप्रकाश लामिछानेका अनुसार भोलिदेखि तीनवटै निर्वाचन क्षेत्रमा पार्टीका पदाधिकारी तथा उम्मेदवारले घरदैलो थाल्ने छन् ।

नेकपाले क्षेत्र नं १, २ र ३ मा क्रमशः राजकाजी गुरुङ, हेमबहादुर थापा पराजुली र गोपाल गिरीलाई उम्मेदवार बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को आज यहाँ बैठक हुँदैछ । रास्वपाले क्षेत्र नं १, २ र ३ मा क्रमशः खड्गराज पौडेल, उत्तमप्रसाद पौडेल र बिना गुरुङलाई प्रत्याशी बनाएको छ ।

## तीन हजार ४८७ उम्मेदवारमध्ये चार जिल्लाका पाँचविरुद्ध उजुरी

**रासस**
काठमाडौं, ७ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मङ्गलबार १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयन पत्र दर्ता गरेका तीन हजार ४८७ उम्मेदवारमध्ये चार जिल्लाका पाँच उम्मेदवारविरुद्ध उजुरी दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं २ का एक, रौतहट जिल्ला क्षेत्र नं १ का एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का दुई र कैलाली जिल्ला निर्वाचन क्षेत्र नं १ का एक उम्मेदवारविरुद्ध उजुरी दर्ता भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । देशभरका १६५ वटै निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमा आज बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म पाँच वटा उजुरी दर्ता भएको उहाँले सुनाउनुभयो ।

बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएका उम्मेदवारको योग्यता पुगेको छैन भने त्यसको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको थियो ।

सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतसमक्ष प्रतिनिधिसभा निर्वाचन निर्देशिका, २०८२ को अनुसूची १६ बमोजिम उजुरी दर्ता भएको हो । उजुरीमा निर्वाचन अधिकृतले निर्देशिकाको अनुसूची १७ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची १८ बमोजिमको भर्पाई सम्बन्धित उजुरीकर्तालाई दिएको जनाइएको छ । निर्वाचन कार्यक्रमबमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको विरोधमा उजुरी गर्ने म्याद समाप्त भएपछिम्यादभित्र दर्ता हुन आएका उजुरीको विवरण अनुसूची १९ बमोजिम तयार गरी कार्यालयमा प्रकाशनसमेत गरेका छन् । यसरी प्रकाशन गरिने सूचनामा जसकाविरुद्ध उजुरी परेको हो, सो पक्षले सूचनामा तोकिएको अवधिमा प्रमाणसहित उपस्थित हुनुपर्नेछ । यसरी सूचना प्रकाशन भएपछि सम्बन्धित उम्मेदवारले सो को सूचना पाएको मानिने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दुई पदका लागि स्याङ्जामा २८ जना चुनावी मैदानमा

**पोखरापत्र संवाददाता**
वालिङ, ७ माघ

दुई वटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा २८ जनाको उम्मेदवारी परेको छ ।

क्षेत्र नं १ को जिल्ला सदरमुकाममा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को वालिङ नगरपालिका कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं १ मा ११ वटा राजनीतिक दल र दुई स्वतन्त्र उम्मेदवारसहित १३ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार आगामी फागुन २१ हुने हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, प्रगतिशील लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेसनल अर्गनाइजेसन, उज्यालो नेपाल, राष्ट्रिय जनमुक्ति पार्टीसहित दुई जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं १ मा नेपाली कांग्रेसका भरतराज ढकाल, एमालेका मीनप्रसाद गुरुङ, नेपाली कम्युनिष्ट पार्टीका शैलेन्द्र घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीका डा धनञ्जय रेग्मीलगायत उम्मेदवार रहेका छन् ।

क्षेत्र नं २ मा ११ राजनीतिक दल र चार जना स्वतन्त्र उम्मेदवारसहित १५ जनाको उम्मेदवारी परेको क्षेत्र नं २ का निर्वाचन अधिकृत ऋषि पौडेलले जानकारी दिनुभयो । उम्मेदवारी दिनेमा नेपाली कांग्रेसका भागवतप्रकाश मल्ल, एमालेका खिमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका झविलाल डुम्रे, नेपाली कम्युनिष्ट पार्टीका पदमबहादुर विश्वकर्मालगायत छन् ।

## पोउवा संघद्वारा संचारकर्मीलाई भ्याटसम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

२०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको सरकारले उदारीकरणको नीति अंगिकार गऱ्यो । सरकारसँग अपेक्षा बढी थिए तर ढुकुटी बलियो थिएन ।

तत्कालीन सरकारले राजश्व बढाउन कर प्रणाली सुधारको अभियान चलायो ।मूल्य अभिवृद्धि कर (भ्याट) मार्फत् राजश्व बढाउने नीति पारित भयो । नेपालको निजी क्षेत्र त्यसको विरुद्धमा थियो । उनीहरुले भ्याटविरुद्ध उभिन छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघलाई दबाब दिइरहेका थिए । नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष थिए-पोखराका आनन्दराज मुल्मी । सरकारले लिएको उदारीकरणको नीतिलाई समर्थन गरेको महासंघ र अध्यक्ष मुल्मीलाई गाह्रो भयो । जिल्ला-जिल्ला र खासगरी ठूला व्यवसायीहरुले दिएको दबाबका कारण उनी तनावमा परे । आर्थिक विकासको लागि वैज्ञानिक कर प्रणाली कार्यान्वयनमा आउनुपर्छ भन्नेमा उनी प्रष्ट थिए । भ्याट भनेको व्यवसायीले तिर्ने नभइ संकलन गरेर राज्यलाई बुझाउने हो र त्यो दायित्व निभाउँदा निजी क्षेत्रमाथिको भरोशा बढ्छ भन्ने




बुझे पनि दबाब झेल्न उनलाई कठीन भयो ।

देशैभरका उद्योग वाणिज्य संघहरु भ्याटको विपक्षमा हुँदा उनी पोखरा आए । आफ्नो मातृ संस्था पोखरा उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष र पदाधिकारीलाई अवस्थाबारे जानकारी गराए । भ्याटको महत्वबारे बुझाए । त्यसपछि पोखरा उद्योग वाणिज्य संघ भ्याट कार्यान्वयनको पक्षमा उभियो । तर,सुधार र कार्यान्वयमा ल्याउन समय माग भयो । अन्ततः २०५४ साल मंसिर १ गते नेपालमा पहिलोपटक मूल्य अभिवृद्धि कर (भ्याट) कार्यान्वयनमा आयो । अहिले नेपालको मुख्य राजश्वको श्रोत नै भ्याट बनेको छ । नेपालका उद्योग वाणिज्य संघहरुमध्ये पहिलोपटक भ्याटको पक्षमा उभिएको पोखरा उद्योग वाणिज्य संघले बुधबार भ्याट के हो भन्नेबारे संचारकर्मीहरुलाई पनि जानकारी गरायो । पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेड-आरएसआरएसडीको आर्थिक सहयोगमा नेपाल पत्रकार महासंघ कास्कीसँग समन्वय गर्दै एकदिने तालिमको आयोजना गरेको हो ।

'भ्याट के हो र यसले राजश्वमा कति योगदान दिएको छ भन्ने कुरामात्र हैन, भ्याट कसरी तिर्ने,बिल-बिजक कसरी राख्ने अनि दण्ड-जरिवानाबाट कसरी बच्ने भन्ने कुरा पत्रकारले पनि थाहा पाउनुपर्छ भन्ने सोचेर तालिम आयोजना गरिएको हो,'आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले भने,' कतिपय अवस्थामा गलत सूचना जाँदा फलानो व्यवसायीले भ्याट छल्यो भन्ने अफवाहसमेत फैलिने गरेको छ ।

संचार जगतले भ्याटबारे जानकारी पाउँदा गलत समाचार आउँदैनन् भन्ने पनि हामीले ठानेका छौं ।' तालिमको उद्घाटन सत्रकी प्रमुख अतिथि गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारी सूचना दिनु र सही सूचना दिनु फरक कुरा भएको बताउँदै भ्याटबारे जानकारी राख्दा पत्रकारको दैनिक जीवनमा पनि त्यसले सघाउने बताइन् ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले कर आफैंमा जटिल विषय भए पनि आम नागरिकको चासोमा रहने हुँदा सरल तरिकाले यसबारे बुझाउनको लागि तालिम फलदायी हुने विश्वास व्यक्त गरे ।

पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमका अनुसार तालिममा करिब ६५ जना पत्रकारहरुको सहभागिता रहेको थियो । चार्टर्ड एकाउण्टेण्ट विवेक श्रेष्ठले सो तालिमको सहजीकरण गरेका थिए । संघकी महासचिव गौतमका अनुसार संघले इच्छुक संचारकर्मीको लागि दोस्रो चरणमा पनि भ्याटबारे तालिम दिने छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# छैटौं टाइगर कप भलिबलमा महिला तर्फ ५ र पुरुष तर्फ ६ टोलीको सहभागिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखरामा यही माघ ९ गतेदेखि सुरु हुने छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिता २०८२ मा विदेशी सहित महिला तर्फ ५ र पुरुष तर्फ भने ६ टिमको सहभागिता हुने भएको छ।

आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालले आज सार्वजनिक गरेको खेल तालिका अनुसार महिला तर्फ थाइलाण्डको थाइल्याण्ड क्यूविन्स सहित ५ टिमको सहभागिता हुने भएको छ भने पुरुष तर्फ माल्दिप्सको राष्ट्रिय भलिवल टोली सहित ६ टिमको सहभागिता हुने भएको हो। विहिबार देखि सुरु हुने प्रतियोगिताको पहिलो दिनमा महिला तर्फ विहान ९:०० बजे टिपटप न्यू डायमण्ड स्पोर्ट्स क्लब र विभागिय टोली त्रिभुवन आर्मी क्लव बिचको खेल हुने भएको प्रतियोगिताका संयोजक कुमार गुरुङले बताउनु भयो । उहाँका अनुसार विहिबार पुरुष तर्फ त्रिभुवन आर्मी क्लव बिरुद्ध माल्दिप्स र अर्को खेलमा गण्डकी भलिवल संघ बिरुद्ध एपिएफ बिच खेल हुने भएको छ।

प्रतियोगितामा महिला तर्फ तीन विभागिय एपिएफ, पुलिस, आर्मी सहभागि हुने भएकाछन भने डायमण्ड र थाइल्याण्ड क्यूविकन्सको समुह गरी ५ टिम सहभागि हुने भएको संस्थाका सचिव डिबी नेपालीले बताउनु भयो । त्यसै गरी पुरुष तर्फ माल्दिप्स सहित तीन विभागिय एपिएफ, पुलिस, आर्मी, गण्डकी प्रदेश भलिवल संघ र पर्वत जिल्ला भलिवल संघ सहभागि हुने भएका हुन्। महिला तर्फ एभरेष्ट भलिवल क्लव सहभागि हुने तयारी गरी पनि प्राविधिक कारणले गर्दा अन्तिम समयमा प्रतियोगितामा सहभागि नभएको बताइन्छ । "मैदान व्यवस्थापन, आवास, यातायात र खेल तालिकासहितका सबै काम लगभग सम्पन्न भइसकेको आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायणप्रसाद शर्माले बताउनु भयो । संयोजक गुरुङका अनुसार प्रतियोगिता राउन्ड रोबिन लिग प्रणालीमा सञ्चालन हुनेछ, जसअन्तर्गत सबै टोलीले एक-आपसमा खेल्नेछन्। लिग चरणपछि शीर्ष स्थानमा रहने टोलीहरूबीच प्लेअफ खेलमार्फत विजेता, उपविजेता र तेस्रो स्थान निर्धारण गरिनेछ । प्रतियोगिताको प्रचार-प्रसार देशव्यापी रूपमा भइरहेको र दर्शकको उत्साह सकारात्मक रहेको सह-संयोजक डोलराज पोखरेलले जानकारी दिनुभयो। प्रतियोगिताबाट प्राप्त हुने बचत रकम स्वास्थ्य, शिक्षा, खेलकुद तथा सामाजिक क्षेत्रमा लगानी गरिने आयोजकको भनाइ छ। करिब १ करोड ८० लाख रुपैयाँ खर्च अनुमान गरिएको यस प्रतियोगितालाई यस वर्ष अझ भव्य बनाउने तयारी गरिएको आयोजकको दाबी छ।

प्रतियोगितामा विजेता टोलीले ६ लाख ६६ हजार ६ सय ६६, उपविजेताले ३ लाख ६६ हजार ६ सय ६६ र तेस्रो हुने टोलीले रु २ लाख ६६ हजार ६ सय ६६ प्राप्त गर्नेछन्। त्यसैगरी सर्वोत्कृष्ट खेलाडी र विधागत उत्कृष्ट खेलाडीहरूलाई नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

# स्थापना दिवसमा मानवसेवा आश्रममा भोजन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



पोखरा महानगरपालिका वडा नम्बर- ६ बैदाममा अवस्थित उपकार बचत तथा ऋण सहकारी संस्थाले बुधबार आफ्नो १७ औं स्थापना दिवस मनाएको छ।

सोही अवसरमा सहकारी संस्थाले पोखरा महानगर पालिका वडा नं- २५ मा रहेको मानवसेवा आश्रममा आश्रितहरूलाई बिहानको खाना खुवाएर सहकारीले स्थापना दिवस मनाएको हो।

अध्यक्ष सूर्यनाथ पहारीले संस्थाले विगतका स्थापना दिवसमा सामाजिक उत्तरदायित्व अन्तरगत फेवा ताल सरसफाइ, रक्तदान कार्यक्रम का साथै विद्यालयमा न्यानो कपडा वितरण गरेका स्मरण गर्दै, यो वर्ष आश्रममा निस्वार्थ भावले नाना, खाना र छानाबाट वञ्चित भएका आश्रममा रहने बेसहाराहरूको सम्मानस्वरूप बिहानको भोजन गराउन पाएको खुशी व्यक्त गरे।

मानव सेवा आश्रम हेम्जाका व्यवस्थापन समितिमा प्रमुख रामजी अधिकारीले संस्थाको स्थापना दिवसका अवसरमा आश्रममा आश्रित परिवारलाई खाना खुवाएर असल कर्म गरेको भन्दै, उनले कार्यक्रम सफलताको शुभकामना संगै धन्यवाद दिए। असल कर्मले समाजमा सहयोगी भावनाको विकासमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ । संस्थाका अध्यक्ष सूर्यनाथ पहारीको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन गरिएको थियो। सहकारीले आश्रममा आश्रित १ सय ९० जनालाई बिहानको खाना खुवाएको थियो । कार्यक्रममा उपाध्यक्ष सुन्दरराज पहारी सचिव कृष्ण कुमारी पौडेल र कोषाध्यक्ष बैकुण्ठ तिमिल्सिना लगायत संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

# पोखरा महोत्सव जारी छेलो प्रतियोगिताको फाइनल

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



पोखराको अमरसिंह खेल मैदानमा जारी १४ औं संस्करणको पोखरा महोत्सव नवौं दिनमा आइपुग्दा दर्शकको उल्लेख्य सहभागीता रहेको छ । महोत्सवमा दर्शकको सहभागीता संगै महोत्सवमा रहेका स्टलहरुमा समेत कारोवार दिन प्रतिदिन वढ्दै गइरहेको छ।

महोत्सवमा राखिएको घरायसी सामाग्री, लत्ता कपडा, विभिन्न अर्गानिक खानाका परिकारका स्टल, कृषिका स्टल संगै वाल उद्यानतर्फ दर्शकको विशेष आकर्षण रहेको छ । महोत्सवमा दर्शकहरुलाई मनोरन्जन दिन हरेक दिन राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरुको प्रस्तुती समेत रहने गरेको छ । बुधवार महोत्सवमा चर्चित गायिका शान्तारानी परियारको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए। शान्तारानी संगै बुधवार पार्वती जिसी, चोलेन्द्र पौडेल, रामचन्द्र पौडेल (आरसी), मधु थापा मगर, कृष्ण भट्टराई, आरोही रुचाल लगायत कलाकार हरूको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएभने जादुगर दीपक थापा मगरको जादु कलामा दर्शकहरुले मनोरन्जन लिए। साँझको लाइभ कन्सर्टमा रकहेड्सको प्रस्तुतीमा युवाहरु झुमे । महोत्सवमा आयोजित विद्यालय स्तरीय लोक नृत्य प्रतियोगितामा बुधबार कास्की मोडनाइज्ड, सोसल पब्लिक स्कुल, अमरसिंह मावि (ई) र डियरवक स्कुलको प्रस्तुती रहेको थियो । विद्यालय स्तरीय लोकनृत्य प्रतियोगितामा बिहीबार अमरसिंह मावि (नेपाली) कालिका मावि, शाइनिङ स्टार स्कुल र अक्सफोर्ड एकेडेमी बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सहभागी १७ समुहबाट उत्कृष्ट ५ विद्यालय फाइनलमा प्रवेश गर्ने र फाइनलको नतिजा माघ ९ गते प्रकाशित गरिने प्रतियोगिताका सह संयोजक विष्णु कुमार गुरुङले जानकारी दिए। महोत्सवको दशौं दिन लोकदोहोरी तर्फ अस्मिना अधिकारी, चोलेन्द्र पौडेल, कृष्ण गुरुङ, कुमार पुन, जगत गौडेल, पुजा गुरुङ, समिर पुन, साबित्री शाही ठकुरी लगायतको प्रस्तुती रहने छभने साँझको लाइभ ब्याण्ड तर्फ जेम्सीको प्रस्तुती रहने महोत्सवका कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए।

# कस्केली अधिकृत समाजको साधारणसभा तथा अधिवेशन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



कस्केली अधिकृत समाजको ११ औं साधारणसभा एवम् आठौं अधिवेशन यही माघ १० गते हुने भएको छ।

पोखराको बास्तोलाथर स्थित पोखरा पार्टी प्यालेसमा साधारणसभा एवम् अधिवेशन गर्ने गरी तयारी गरिएको समाजका सचिव महेश पौडेलले जानकारी दिनुभयो। अधिवेशनका अवसरमा समाजको प्रकाशन अधिकृत आवाज २०८२ (अङ्क ११) लोकार्पण समेत गरिने उहाँले बताउनुभयो । अधिकृत आवाजको प्रधान सम्पादकमा दुर्गाबहादुर शाह 'बाबा' रहनुभएको छ भने सम्पादकहरूमा चन्द्रबहादुर सुवेदी, देवेन्द्र केसी 'देवु', ऋषिराम लामिछाने र वसन्त चालिसे रहनुभएको छ । त्यस्तै अधिकृत आवाजको प्रकाशन तथा व्यवस्थापन समितिको संयोजकमा महेश पौडेल रहनुभएको छ भने सदस्यहरूमा विष्णुप्रसाद पोखरेल, सुमित्रा मल्ल उदास, अनिलकुमार शाही, वासुदेव पौडेल, सन्तोष ढुङ्गाना र चन्द्रवती अधिकारी वाग्ले रहनुभएको छ।

साधारणसभा तथा अधिवेशनलाई भव्यताका साथ सम्पन्न गर्नका लागि विभिन्न चारवटा उप समितिहरू गठन गरिएको छ । उपसमितिका संयोजकहरूमा संस्थाका अध्यक्ष चन्द्रबहादुर सुवेदी, उपाध्यक्ष लोकनाथ दवाडी, सचिव महेश पौडेल र सदस्य सन्तोष ढुङ्गाना रहनुभएको छ। यसैबीच साधारसभा तथा अधिवेशनको तयारीमा सम्बन्धमा आज बसेको समाजको कार्यसमतिको बैठकमा आफ्नो कार्यकालको समिक्षा गरिएको छ । समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीको अध्यक्षता एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको बैठकमा सल्लाहकारहरू दुर्गाबहादुर शाह 'बाबा', प्रेमप्रकाश गौतम, विश्वनाथ पराजुली र विष्णुप्रसाद बराल सहित कार्यसमितिका पदाधिकारी तथा सदस्यले समाजको महिमा र गरिमालाई उचो बनाउनका लागि निरन्तर लाग्नुपर्ने बताउनुभयो।

# माछापुच्छ्रेले गण्डकीलाई २२१ रनले हरायो

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

प्रधानमन्त्री कप (पिएम) कास्की जिल्ला क्लब स्तरीय एक दिवसीय क्रिकेटमा माछापुच्छ्रेले गण्डकीलाई हराएको छ। पिएम कप राष्ट्रिय लिगको जिल्ला छनोटको रुपमा रहेको प्रतियोगितामा बुधबार माछापुच्छ्रे क्रिकेट क्लबले गण्डकी स्पोर्ट्स क्लबमाथि २२१ रनको फराकिलो जित हासिल गरेको हो।

२७२ रनको विजयी लक्ष्य पाएको गण्डकी निरिह देखियो। २१.१ ओभरमा ५० रन बनाउँदै गण्डकीका सबै खेलाडी अलआउट हुन पुगे। श्रीराम प्रजापतिले ११ र विवेक अधिकारीले ९ बाहेक अन्य व्याटरले गतिलो रन बनाउन सकेनन् । माछापुच्छ्रेका लागि रितेश बरालले ५.१ ओभरमा ३ मेडन राख्दै ७ रन खर्चेर ५ विकेट लिए। लक्ष्मण क्षेत्रीले ५ ओभरमा २ मेडनसहित ९ रन खर्चेर २ विकेट लिए। भने रिदम पाण्डेले ६ ओभरमा ३ मेडनसहित १४ रन खर्चेर २ विकेट लिए।

त्यसअघि पोखरा क्रिकेट मैदानमा जारी प्रतियोगितामा टस हारेर ब्याटिङको निम्तो पाएको माछापुच्छ्रेले ५० ओभरमा ५ विकेट गुमाउँदै २७१ रन जोड्यो । माछापुच्छ्रेका लागि सुमित श्रेष्ठले शतकीय पारी संगै १५८ बलमा कुल १३० रन जोडे। प्रमोद बास्तोलाले २४ तथा दिपक माझिले २३ रन जोडे । गण्डकीका लागि स्रमाट अधिकारी, श्रीराम प्रजापति र अनिश पोखरेलले समान १/१ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच सुमित श्रेष्ठ घोषित भए। माघ २ देखी सुरु प्रतियोगितामा कुल १० क्लबको सहभागिता रहेको छ। प्रतियोगिताको समूह 'ए' मा राइजिङ क्रिकेट क्लब, अमरज्योति क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, लेकसाइड क्रिकेट क्लब र एभरेष्ट क्रिकेट क्लब रहेका छन् । यस्तै समूह 'बि'मा पोखरा क्रिकेट क्लब, कास्की क्रिकेट क्लब, माछापुच्छ्रे क्रिकेट क्लब, लेखनाथ क्रिकेट क्लब र गण्डकी क्रिकेट क्लब रहेका छन्।

# तीन हजार ...

व्यवस्था छ । बुधबारदिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयन पत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरिने उहाँले बताउनुभयो।

माघ ८ गते बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ। त्यसै दिन दिउँसो ४ बजे देखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्हप्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ। आयोगमा अहिलेसम्म प्राप्त जानकारीअनुसार पुरुष ३०८९, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी तीन हजार ४८७ को उम्मेदवारी दर्ता भएको छ।


## जाडोबाट बच्ने उपाय ।

◆जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
◆चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
◆चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ।
◆चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अंगमा गम्भीर असर पुग्न सक्छ।
◆बालबालिका, बुद्धवृद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसाँवार्ट बचौं र बचाओं।
◆सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।
कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राधाकृष्ण बृद्धाश्रममा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ




पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण बृद्धाश्रममा विभिन्न सहयोग प्राप्त भएको छ।

पोखरा महानगरपालिका समाजिक विकास शाखाको बृद्धाश्रम सहयोग कार्यक्रम अन्तर्गत एक लाख रुपैयाँ लागतका सीरक, डसना, ग्याँस, तेल, प्लेट, हटकेश लगायतका समाग्री सहयोग गरिएको हो। बृद्धाश्रममा बुधबार आयोजित कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले समाग्री हस्तान्तरण गर्नुभएको हो। बृद्धाश्रमको सहयोगका लागि वडाका तर्फबाट निरन्तर साथ र सहयोग हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । राधाकृष्ण बृद्धाश्रम सञ्चालक समितिका अध्यक्ष विश्वराज लामिछाने र संस्थापक अध्यक्ष प्रेम लिगलले सहयोगका लागि धन्यवाद व्यक्त गर्दै यस किसिमको सहयोगको निरन्तरताको अपेक्षा गर्नुभयो।

संस्थापक अध्यक्ष लिगलका अनुसार बृद्धाश्रममा विभिन्न जिल्लाका ३५ जना ज्येष्ठ नागरिक बस्दै आएका छन्। असहाय ज्येष्ठ नागरिकहरूलाई आश्रय दिदै आएको बृद्धाश्रमको सञ्चालनलाई दीगो, व्यवस्थित र प्रभावकारी बनाउनका लागि सरकारी निकायसँगै सामाजिक संघ संस्थाको निरन्तर सहयोग आवश्यक रहेको बृद्धाश्रम सञ्चालक समितिका सदस्य विष्णुबहादुर बस्नेतको भनाइ छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# नेपाली जनता ढाँट्ने मन्त्रीहरू चुनावी मैदानमा

जेनजी आन्दोलनको राप र तापमा बनेको सुशीला कार्की नेतृत्वको सरकारको मुख्य काम स्वच्छ, निष्पक्ष निर्वाचन गराउनु हो। कुनै पनि दलमा सहभागी भएकालाई मन्त्री नबनाउने भनिएको थियो। दलमा नलागेकाहरुको मन्त्रीमण्डल भएको हुँदा नागरिक सरकार भनिएको थियो। नागरिक सरकारको उद्देश्य थियो ६ महिनाभित्र निश्पक्ष निर्वाचन। तर, निर्वाचनको मिति नजिकिँदै गर्दा यो सरकार केही मन्त्रीहरूको हकमा 'देश बनाउने थलो' भन्दा, 'चुनाव जित्ने भर्याङ' बन्यो। निर्वाचनमा निष्पक्षताको कसम खाएका मन्त्रीहरू धमाधम राजीनामा दिँदै चुनावी मैदानमा उत्रिएपछि अहिले सिंहदरबारको चार मन्त्रालयको कुर्सी रित्तो छ। उनीहरू अरुले संगठनलाई हाइज्याक गरेर दलमा उम्मेदवारको सूचीमा चढेका छन।

निर्वाचन गराउने मुख्य जिम्मेवारी पाएका शक्तिशाली मन्त्रालयका मन्त्रीहरू नै पदलाई टिकट पाउने अस्त्र बनाएर भटाभट दलमा प्रवेश गरेपछि नैतिकतामाथि प्रश्न उठ्नु स्वभाविकै हो। मन्त्रीहरू राजीनामा बुझाएर चुनावी मैदानमा जाँदा अहिले महत्त्वपूर्ण चार मन्त्रालय नेतृत्वहीन बनेका छन्। सरकारको प्रवक्ता बनेका संचार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेल, उर्जा मन्त्री कुलमान घिसिङ, शिक्षा तथा विज्ञान प्रविधि मन्त्री महावीर पुन र युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता राजिनामा गरेर उमेदवार बनेका छन। महावीर पुन स्वतन्त्र भनेपनि कुनै दलले समर्थन गर्नेगरी उमेदवार बनेका छन। कुलमान उज्यालो नेपाल पार्टीबाट उमेदवार छन भने खरेल र गुप्ता रास्वपाबाट उमेदवार बनेका छन।फागुन २१ को निर्वाचन निष्पक्षता गराउने मिसनमा लागेका सुशीलाको सरकारका मन्त्रीहरू कति अवसरवादी रहेछन भन्ने छर्लङ्ग भएको छ। उनीहरू नैतिकताको प्रश्नले घेरिएका छन।

जेनजी आन्दोलनपछि कार्की नेतृत्वमा सरकार गठनको निर्णय हुँदा नै यो राष्ट्रपति रामचन्द्र पौडेलले सम्भव भए दलका प्रतिनिधिहरु राखेर मन्त्रिपरिषद् गठन गर्न सुझाव दिएका थिए। तर, कार्कीले गैरदलीय सरकार बनाउने भन्दै अस्विकार गरिन्। राष्ट्रपतिको प्रस्ताव अस्विकार गरे पनि सरकार गैरदलीय भने हुन सकेन। दलका प्रतिनिधिहरू चोर बाटोबाट सरकारमा आए र जब अवसर देखे बाहिरिए। सरकारमा रहेका ओमप्रकाश अर्याल पनि सक्रिय राजनीतिमा आउन खुट्टा उचालिसकेका थिए। तर, धन्न उनी रोकिए। जनतालाई बारम्बार ढाँट्नेहरुले पुराना दललाई आरोप लगाउनु जो चोर उस्कै ठूलो स्वर भने जस्तै हो।

पहिलो पटक भदौ ३० मा मन्त्रिपरिषद् गठन गर्दा मन्त्री भएकाहरूमध्ये कुलमान घिसिङ विद्युत प्राधिकरणको कार्यकारी प्रमुखबाट बर्खास्त भए लगत्तै राजनीतिमा सक्रिय भएका पात्र थिए। तत्कालीन माओवादी केन्द्रको सरकारको पालामा पटक-पटक नेपाल विद्युत प्राधिकरणको कार्यकारी प्रमुख नियुक्त भएका उनी दलीय रुपमा खुलेका थिएनन्। तर, गत निर्वाचनमै उनी माओवादीको चुनाव प्रचारको अस्त्र बनिसकेका थिए। त्यसमा उनले आपत्ति पनि जनाएका थिएनन्। अर्थात् उनी माओवादीप्रति नरम थिए। अहिले पार्टी खोलेर भनी दलको सदस्य छैन भनेर ढाँटीरहे।चौतर्फी आलोचनापछि राजिनामा गर्न बाध्य भए। टेलिभिजनमा चर्को स्वरमा दलको विरोध गरेर मन्त्री बनेका खरेलले दलको लागि काम गरेका रहेछन् भन्ने छर्लङ्ग पारेका छन। गुप्ता त विदेश भ्रमणको विवादमा परे।पार्टीमा लागेर पनि राजिनामा दिएनन।टिकट पाउने अघिल्लो दिन राजिनामा दिए।पुनले त मन्त्री हुन्न भन्दै भए। चुनाव लड्दिन भन्दै सुटुक्क राजिनामा दिएर उमेदवारी दर्ता गराए। सबैले नेपाली जनतालाई ढाँटे। जेनजी आन्दोलनमा पानी बाँढ्न जाने जेनजीको नेता बने जस्तै अहिलेको सरकार निष्पक्ष हुन नसकेको र खास दलका लागि प्रोक्सी भएर काम गरेको छानेपाली उखान "जुन जोगी आएपनि कानै चिरेको थैलै भिरेको"भनेझैं चुनावी सरकारमा बसेका मन्त्रीले त्यही गरेर सरकारको विश्वस्नीयतामा प्रश्न उठाएका छन।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# हातहतियार बुझाउन मुस्ताङ प्रशासनको आग्रह

**रासस**
मुस्ताङ, ७ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालयले हातहतियार बुझाउन सरोकारवालालाई आग्रह गरेको छ।

यहाँस्थित जिल्लाका पाँचवटै स्थानीय तहमा व्यक्तिगत सुरक्षा प्रयोजनका लागि प्रशासनसँग अनुमति लिएर राखिएका हातहतियार तथा खरखजना बुझाउन जिल्ला प्रशासनले आग्रह गरेको हो। फागुनदेखि हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई स्वच्छ, निष्पक्ष, भयरहित र विश्सनीय वातावरणमा सम्पन्न गर्न मुस्ताङ जिल्लाभित्र रहेका इजाजत प्राप्त हातहतियार तथा खरखजना यही माघ १५ भित्र जिल्ला प्रहरी कार्यालय तथा नजिकको प्रहरी इकाई समक्ष बुझाउन प्रशासनले सूचित गराएको छ। निर्वाचन सुरक्षा प्रयोजनार्थ बुझाइएका हातहतियार निर्वाचनका सम्पूर्ण काम सकिएपछि सम्बन्धित धनीलाई फिर्ता गरिने जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो।

# अमेरिकाबाट ९० जना नेपाली डिपोर्ट

**रासस**
काठमाडौं, ७ माघ

अमेरिकाबाट ९० जना नेपाली नागरिकलाई डिपोर्ट गरिएको अध्यागमन विभागले जनाएको छ।

विभागका महानिर्देशक रामचन्द्र तिवारीले डिपोर्ट भएका ९० जना काठमाडौँ आइपुगिसकेको जानकारी राससलाई दिनुभयो। अमेरिकाले चाटर्ड विमानमार्फत उनीहरुलाई काठमाडौँ ल्याएरछाडेकोहो।विभागकामहानिर्देशक तिवारीले यसरी अहिलेसम्म ४०० भन्दाबढी नेपाली अमेरिकाबाट डिपोर्ट भइसकेका बताउनुभयो। डिपोर्ट हुनेहरु कागजात नभेटिएका, गैरकानुनी बसेका, अध्यागमन कानुन उल्लङ्घन गरेकालगायत रहेको विभागले जनाएको छ। उनीहरुमाथि अहिले प्रहरीको मानव बेचबिखन ब्युरोले अनुसन्धान गरिरहेको र बेचबिखनमा परेको भए उजुरी दिन ब्युरोले अनुरोध गरेको छ। आवश्यक अनुसन्धान पछि ब्युरोले परिवारको जिम्मा लगाउने जनाएको छ।

# तनहुँका दुई क्षेत्रमा २८ जनाको उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
दमौली, ७ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि तनहुँका दुईवटा क्षेत्रमा २८ जनाको उम्मेदवारी दर्ता भएको छ।

दमौलीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तनहुँ क्षेत्र नम्बर १ र शुक्लागण्डकी नगरपालिकास्थित निर्वाचन अधिकृतको कार्यालयमा तनहुँ क्षेत्र नम्बर २ को उम्मेदवारी दर्ता भएको हो। तनहुँ-१ मा १६ जनाको उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृत विष्णुकुमार उपाध्यायले जानकारी दिनुभयो। उपाध्यायका अनुसार तनहुँ क्षेत्र नम्बर १ मा नेकपा (माओवादी) का ओमविक्रम पन्त, श्रम संस्कृति पार्टीका काशीराम गुरुङ, नेपाली कांग्रेसका गोविन्द भट्टराई, आम जनता पार्टीका चिजामाया अधिकारी, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, मङ्गोल अर्गनाइजेशन पार्टीका प्रेमबहादुर थापा, नेकपा (एमाले) का भगवती न्यौपाने, उज्यालो नेपालका मन्जिल राना, नेपाल जनमुक्ति पार्टीका यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीका रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामदत्त जोशी, स्वतन्त्र उम्मेदवार लेखनाथ खनाल, नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकाल, स्वतन्त्र उम्मेदवार सन्देश रानाभाट लौडारी, नेशनल रिपलब्किक नेपालका सुमन थापामगर र राष्ट्रिय स्वतन्त्र पार्टीका डा स्वर्णिम वाग्लेको उम्मेदवारी दर्ता भएको छ।

यस्तै तनहुँ क्षेत्र नम्बर २ मा १२ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत भेषराज पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार राष्ट्रिय जनमुक्ति पार्टीका लालबहादुर गोतामे, राष्ट्रिय प्रजातन्त्र पार्टीका यमबहादुर ठकुरी, नेपाल जनमुक्ति पार्टीका पूर्णबहादुर राना, नेकपा (एमाले) का केदार सिग्देल, मङ्गोल अर्गनाइजेशनका सुष्मा आले, नेशनल रिपब्लिक नेपालका नमबहादुर राना, नेपाल मजदुर किसान पार्टीका लक्ष्मण अधिकारी, नेपाली कम्युनिष्ट पार्टीका सोमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका श्रीराम न्यौपाने, नेकपा (माओवादी) का गणेशबहादुर लामगादे, उज्यालो नेपालका मनराज गुरुङ र नेपाली कांग्रेसका शङ्कर भण्डारीको उम्मेदवारी दर्ता भएको छ।

**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ११ निवासी भारतीय भु.पु. सैनिक नं. 5447115 1\5 G.R. का L\hav मिम वहादुर गुरुङको श्रीमती ज्ञानी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर **ज्ञानि गुरुङ** भएको र पतिको भारतीय पेन्सन अभिलेखमा नामथर **दुर्गा देवि गुरुङ** भएकोले उल्लेखित दुवै नामथर भएको **व्यक्ति एउटै भएको** व्यहोरा जानकारी गराइन्छ।

# म्याग्दी प्रशासनद्वारा हतियार बुझाउन निर्देशन

**पोखरापत्र संवाददाता**
लमजुङ, ७ माघ

जिल्ला प्रशासन कार्यालय म्याग्दीले आगामी फागुनमा हुने निर्वाचनलाई लक्षित गर्दै शान्तिसुरक्षाका लागि इजाजत प्राप्त हातहतियार बुझाउन सम्बन्धित सबैलाई निर्देशन दिएको छ।

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न जिल्लाका विभिन्न व्यक्तिका नाममा इजाजत प्राप्त हातहतियार यही माघ २० गतेभित्र अनिवार्य रूपमा बुझाउन निर्देशन दिइएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रशासनले इजाजत प्राप्त हातहतियार र सोमा प्रयोग हुने गोलीगट्ठा जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरीचौकीमा बुझाउन निर्देशन दिएको छ। यसैबीच, एउटा निर्वाचन क्षेत्र रहेको म्याग्दीको सदरमुकाम बेनीमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएर मनोनयन दर्ता भइसकेको छ।

निर्वाचन प्रहरी भर्ना, कर्मचारी खटाउने, सुरक्षाकर्मी खटाउने र आवश्यक सामग्रीको व्यवस्थापन गर्ने काम भइरहेको निर्वाचन कार्यालयले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एउटा निर्वाचन क्षेत्र र छ वटा स्थानीय तह रहेको यहाँ ८६ हजार ३९७ जना मतदाता छन्। जिल्लामा ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

**विमा लेख हरायो**

**एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः दिपेन्द्र लामिछाने**
**विमा लेख नं.: ६५११०००९१३७**
**ठेगानाः रुपाकोट–५, धरमडाडा कास्की**
**सम्पर्क नं.: ९८६२७३२९३०**

**सम्पर्क : एशियन लाइफ इन्स्योरेन्स कं. लि.**
**पोखरा शाखा**

# फ्रीडम ट्रेनिङ्ग सेन्टरमा उद्घोषण तथा भाषणकला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखराको सृजना चोकमा रहेको फ्रीडम ट्रेनिङ्ग सेन्टरमा अनुभव आदनप्रदान तथा प्रमाणपत्र बितरण कार्यक्रम सम्पन्न भएको छ।

१० दिनसम्म सञ्चालन भएको उक्त उद्घोषण तथा भाषणकला तालिम लिएका २१ जना बिद्यालय स्तरिय बालबालिकाहरुको सहभागिता रहेको तालिमका प्रमुख प्रशिक्षक तथा ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीले जानकारी दिए। जाडो बिदाको बेलामा बिद्यालय बिदा हुने हुँदा त्यो समयको उपयोग गर्ने उद्धेश्यले तालिम सञ्चालन गरिएको सञ्चालक पहारीले उल्लेख गरे। तालिम लिने बिद्यार्थीहरु पोखरा बजार क्षेत्रका चर्चित बिद्यालयका बिद्यार्थीहरु हुन्। समापन कार्यक्रममा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र बितरण तथा तालिम पश्चातको अनुभव र बिभिन्न अवार्डले सम्मान समेत गरिएको थियो। २ चरणमा भएको समापन कार्यक्रममा पहिलो चरणमा प्रशिक्षार्थी बिद्यार्थीहरुले नै कार्यक्रम तालिका बनाएर कुशलता पुर्वक कार्यक्रम सञ्चालन गरेका थिए भने उक्त कार्यक्रम पछि औपचारिक कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बोल्दै तालिका प्रमुख प्रशिक्षक तथा ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद



पाहारीले २०७७ सालमा स्थापना भएको सस्थाले शुरुमा निकै चुनौतिको सामना गरे पनि अहिले सहज रुपमा सहभागिहरु सिक्नको लागि आउने गरेको बताए। उनले तालिम लिनको लागि सबै उमेर समुहको सहभागिता हुने गरेको उल्लेख गरे। तालिम दिनको लागि मात्रै नभई ब्यबहारिक रुपमा समेत पुर्णरुपमा उपयोगि हुने खालको भएको जनाए।

सञ्चालक पाहारीले तालिममा बढि भन्दा बढि प्रयोगात्मक अभ्यासमा जोड दिइने उल्लेख गरे।त्यस्तै उनले बोल्ने बानिको विकास गर्नको लागि बालबालिकालाई नियमित रुपमा अभ्यास गराउन अभिभाबकलाई आग्रह गरे। मामु छोरि फुड्स पोखरा बिरौटाकि सञ्चालक तथा कार्यक्रमकि प्रमुख अतिथि बिन्जुल श्रष्ठले आफुले पनि उद्धोषण तथा भाषणकला तालिम लिदाको क्षण स्मरण गदै सोहि तालिम पश्चाको सिकेको कुरालाई ब्यवसायमा प्रयोग गरि सफलता प्राप्त गरेको बताइ्न। उनले आगामि दिनमा पनि फ्रीडम ट्रेनिङ्ग सेन्टर सगँ सहकार्य गरेर अगाडि बढने उल्लेख गरिन्। अभिभाबकको तर्फबाट डाक्टर कृष्ण मुरारी अधिकारीले तालिमको महत्व माथि प्रकास पार्दै तालिम बिद्यार्थीलाई अनिवार्य भएको उल्लेख गरे। कार्यक्रममा समाजसेवी तथा पर्यटन ब्यवसायी राजु दाहाल पुर्व प्रशिक्षार्थी, इन्फोम्याट्रिक्स इन्चिटिउटका सञ्चालक प्रदिप थापा, रेडियो अन्नपूर्णका सञ्चारकर्मी सबिन रेग्मी लगाएतले उद्धोषण तथा भाषणकला तालिमको महत्वको बारेमा बोलेका थिए। कार्यक्रममा मामु छोरि फुड्स र गण्डकी टेलिभिजन नेटवर्क काठमाडौँले सहकार्य गरेका थिए। तालिममा सहभागिहरुले आफ्नो अनुभव शेयर गर्दै तालिम अति उत्कृष्ट भएको बताए। फ्रीडम ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन पूर्व प्रशिक्षार्थी प्रतिक थापाले गरेका हुन्।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३, दुई कुलो मुहान सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः दुई कुलो मुहान सडक स्तरोन्नती
ठेगानाः पोखरा–१३
योजना सुरु हुने मितिः २०८२/०८/०४ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/०७ गते
योजनाको कुल लागतः रु. ४,४४४,४४।-
महानगरपालिकाबाटः रु. ४,००,०००।-
जनसहभागिताबाटः रु. ४४,४४४।-
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ७ पुरुषः ४ जना

**दुई कुलाको मुहान टोल विकास संस्था**
**पोखरा-१३**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ३३, भण्डारी गाउँ नवराज र गोपाल भण्डारीको घर पछाडी सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः भण्डारी गाउँ नवराज र गोपाल भण्डारीको घर पछाडी सडक निर्माण ठेगानाः पोखरा–३३
योजना सम्झौता मिति : २०८२/०८/१५ गते
योजना सुरु मितिः २०८२/०८/२० गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२५ गते
योजनाको कुल लागतः रु. २,२२,४१५.३८
महानगरपालिकाबाटः रु. २,००,०००।-
जनसहभागिताबाटः रु. २२,४१५.३८
उपभोक्ता समिति अध्यक्षः नारायण प्रसाद भण्डारी
सम्पर्क नं.: ९८१९१५२६६४
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**भण्डारी गाउँ नवराज र गोपाल भण्डारीको घर पछाडी सडक उपभोक्ता समिति पोखरा-३३**

# अक्षय कोषद्वारा विभिन्न सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

रम्भादेवी आधारभूत विद्यालय अन्तर्गत रहेको श्री दत्त नारायण पदम श्रेष्ठ अक्षय कोष सञ्चालन, सम्पर्क, समन्वय तथा सहयोग समिति २०७८ बाट विद्यालयको एकाउन्नौ वार्षिकोत्सव एवं अभिभावक दिवस तथा अक्षय कोषका संस्थापक पदम कुमारी श्रेष्ठको स्वर्गारोहण भइ एक बर्ष पुगेको अवस्थामा विद्यार्थीहरुलाई शैक्षिक पोशाक, सामाग्री तथा विपन्न अभिभावकहरुलाई कप, बिजुलीको मिटर बक्स, गलबन्दी, टोपी, सिरक-डसना वितरण आयोजित कार्यक्रमलाई विश्वका प्रसिद्ध जडिबुटी विशेषज्ञ डा. बिजुली प्रसाद तिम्सिनाले व्यानर पढेर कार्यक्रमको उदघाटन गर्नु भएको हो।

उद्घाटन मन्तव्य दिदै तिम्सिनाले भन्नुभयो, "अक्षयकोश दुःख, कष्ट र समस्याबाट विपन्न विद्यार्थी र अभिभावकहरुलाई राहत दिनका लागि जन्मेको हो।त्यसैले यस संस्थाबाट निरन्तर ४ बर्षदेखि विपन्न विद्यार्थीलाई मात्रै होइन, अभिभावकलाई पनि सेवा गरिरहेको छ। सेवा र कल्याणको अनुपम संस्था अक्षय कोष बनेको छ।" कोषका अध्यक्ष श्री कुल बहादुर क्षेत्रीको अध्यक्षतामा सञ्चालित सो कोषका प्रमुख संरक्षक पूर्व अञ्चल प्रशासक तथा अधिवक्ता श्री महेन्द्रमान व्यथितले भन्नुभयो, "आफ्नो धन र शक्तिलाई कल्याणकारी उदेश्यका लागि



प्रयोग गरिनु पर्छ भन्ने वेद भावबाट अभिप्रेरित भइ यस अक्षय कोषको स्थापना गरिएको हो। धेरैसँग सहयोग मागेर भएपनि विपन्न विद्यार्थी र अभिभावकलाई शैक्षिक पोशाक सामाग्री, ब्रस, मञ्जन, साबुन समेत प्रदान गरिदै आइएको छ।

अभिभावकहरुलाई पनि आवश्यक विविध सामाग्री लुगा- कपडा, सिरक-डसना समेत दिइरहेको कार्यले अक्षय कोषको उद्धेश्यलाई राम्ररी समेटेको छ।" कोषका सचिव माधव प्रसाद पोखेलबाट उदघोषित सो कार्यक्रममा विपन्न विद्यार्थीका लागि प्रयोजन गर्ने कामना विकाश वैंक लिमिटेडका क्षेत्रीय प्रवन्धक श्री राजिव गौतमले भन्नुभयो, "शैक्षिक पोशाक सामाग्रीको अतिरिक्त विद्यार्थीहरुले थुप्रै अन्य सामाग्रीहरु पनि प्राप्त गरेका छन्।

विपन्न अभिभावकले पनि टोपी, सिरक-डसना, कप, बिजुली मिटर बक्स समेत पाउनु भएको छ। कोषले विद्यार्थी र अभिभावकलाई समान रुपमा आ-आफ्ना विषयमा आवश्यक सामाग्री दिएको देख्दा म सार्है खुशी छु। कोषको यो अनुपम र नविन उदाहरण हो। मलाई पनि कोषलाई सहयोग गर्न मन लागेको छ। म कोषमा केही सकेको रकम राख्ने प्रतिज्ञा गर्दछु।" विद्यालयका विद्यार्थीहरुबाट स्वागत गीत गाइएको र कविता वाचन गरिएको उक्त कार्यक्रममा समाजसेवी चेत बहादुर गोदामी गौतम दराई र छात्रा कविता दराई समेतले कार्यक्रमको महत्वका बारेमा प्रकाश पारेका थिए।

सो कार्यक्रम कामना विकास वैंक लिमिटेडले छात्रछात्रालाई एक लाख अड्चालीस हजार वरावरको पोशाक सहित जुत्ता मोजा तथा ज्योमिट्रि बक्सको सामाग्री, दत्त नारायण पदम श्रेष्ठ स्मृति प्रतिष्ठान स्याङ्जाले एक लाख बाउन्न हजार बराबरको सिरक-डसना, टोपी, बिजुली मिटर बक्स, गलबन्दी, विपन्न अभिभावकमा एघार हजार बराबरको मञ्जन, ब्रश, सावन विद्यार्थीलाई प्रदान गरेको थियो। त्यसैगरी विद्यार्थी र अभिभावक दुवैलाई करिव पचहतर हजार रुपैया बराबरको ज्याकेट सहितका लुगा स्व. पदम कुमारी श्रेष्ठका देवर र देउरानी युक्त प्रसाद श्रेष्ठ र विष्णु श्रेष्ठले वितरण गर्नुभएको थियो। दश हजार मूल्य बराबरको भात पकाउने देक्ची समेत दर्वेश्वरी आमा समूहलाई कोषबाट वितरण गरिएको थियो। स्व. पदम कुमारी श्रेष्ठको वार्षिक स्मृतिको सन्दर्भमा विद्यालय नजिक रहेको काली गण्डकीको तटमा लाख वत्ति प्रज्वलन गरी विद्यालयका विद्यार्थी तथा अभिभावक गरी तीन सय जनालाई भोजन ग्रहण पनि गराइएको थियो।

उक्त कार्यक्रममा करिव तीन सय जना भन्दा बढीको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा तीन लाख छ्यानब्बे हजार बराबरको सामाग्री विद्यार्थी र अभिभावकलाई वितरण गरिएको थियो। उक्त कोषमा चार लाख दश हजार रहेको जानकारी कोषका सचिव तथा विद्यालय प्रध्यानाध्यापक सूर्य प्रसाद कर्डैंलले गराउनु भएको थियो।

# बाँसखर्कमा 'मुख्यमन्त्री नवप्रर्वतन' कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ माघ

पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा 'मुख्यमन्त्री नवप्रर्वतन' कार्यक्रम सञ्चालन भएको छ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र जलजला गाउँपालिका कार्यालयबीच कार्यक्रमअन्तर्गत बाँसखर्कको सुन्तला बगैँचामा 'पम्पिङ' प्रणालीमार्फत स्थायी सिँचाइ कार्यक्रम कार्यान्वयनका लागि सम्झौता भएको हो।

गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य र मुख्यमन्त्री कार्यालयका सचिव कृष्णप्रसाद लम्सालबीच मङ्गलबार पोखरामा कार्यक्रम सञ्चालनसम्बन्धी सम्झौता भएको हो। चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्नुपर्ने रु एक करोड लागत अनुमान गरिएका कार्यक्रमका लागि प्रदेश सरकारले रु ७५ लाख र गाउँपालिकाले रु २५ लाख लगानी गर्ने छन्।

गण्डकी प्रदेशमा सबैभन्दा बढी सुन्तलाखेती हुने बाँसखर्कमा सिँचाइ समस्याको दीर्घकालीन समाधानका लागि गाउँपालिकाले प्रदेश सरकारसँग प्रस्ताव गरेको कार्यक्रम छनोट भएपछि कार्यान्वयनका लागि सम्झौता गरिएको हो। बाँसखर्क भएर मल्लाजमा पानी लैजाने सिँचाइ योजनाको नहरभन्दा माथिको बगैँचामा पम्पिङ र तलमाथि दुवैतिर हरेक चार सयदेखि पाँच सय बोटका लागि १० हजार लिटर क्षमताको ट्याङ्की बनाएर स्थायी किसिमले सिँचाइको व्यवस्था मिलाउने योजना छ।

समुद्र सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका दुई सय ३९ मध्ये दुई सय परिवारले सुन्तलाखेती गरेका छन्। बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको वडाध्यक्ष जगबहादुर रोकाले बताउनुभयो।

# लमजुङमा १२ जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
लमजुङ, ७ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि एउटा मात्र निर्वाचन क्षेत्र रहेको लमजुङमा १२ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

उनीहरुले बैंसीसहर नगरपालिका-८ स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराएका सहायक निर्वाचन अधिकृत रामबन्दु गौतमले जानकारी दिनुभयो। मुख्य निर्वाचन अधिकृतको कार्यालयअनुसार नेकपा (एमाले) का पृथ्वीसुब्बा गुरुङ, नेपाली कांग्रेसका गमप्रसाद गुरुङ, नेपाली कम्युनिष्ट पार्टीका हरिजङ्ग तामाङ, राष्ट्रिय स्वतन्त्र पार्टीका धर्मराज केसी, राष्ट्रिय प्रजातन्त्र पार्टीका केविन्द्रजुङ गुरुङ, नेपाल मजदुर किसान पार्टीका गुजेश्वरी प्रजापति मगजु, नेशनल रिपब्लिक नेपाल पार्टीका भरत गुरुङ, जनादेश नेपालका मिलान बास्कोटा, श्रम संस्कृति पार्टीका कोषलाल गुरुङ, मङ्गोल नेशनल अर्गनाइजेसनका विकास गुरुङ, नेकपा (माओवादी) का रवीन्द्र नखोला र स्वतन्त्रबाट सन्तोष घिमिरेले उम्मेदवारी दर्ता गराएका छन्।

एमाले उम्मेदवार गुरुङ नवौं पटक चुनावमा उठेका छन्। यसअघि २०७९ सालको निर्वाचनमा उहाँ विजयी हुनुभएको थियो। जिल्लामा सबैभन्दा कान्छो उम्मेदवार जनादेश पार्टीका २८ वर्षीय मिलन बाँस्कोटा हुनुहुन्छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, जामुना बोट भण्डारी गाउँ तिन पोखरी मोटर बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः जामुना बोट भण्डारी गाउँ तिन पोखरी मोटर बाटो
ठेगानाः पोखरा-३३, जामुनाबोट
योजना सम्झौता मिति : २०८२/०८/१५ गते
योजना सुरु मितिः २०८२/०८/२५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/०१ गते
योजना सम्पन्न हुने मितिः २०८३/१/२५ गते
योजनाको कुल लागतः रु. १०,००,१५६.९४
महानगरपालिकाबाटः रु. ९,००,०००।-
जनसहभागिताबाटः रु. १,००,१५६.९४
उपभोक्ता समिति अध्यक्षः विष्णु प्रसाद भण्डारी
सम्पर्क नं.: ९८४६०६४८३९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**जामुना बोट भण्डारी गाउँ तिन पोखरी उपभोक्ता समिति पोखरा-३३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, खोर माथीबाट रातमाटे जाने सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः खोर माथीबाट रातमाटे जाने सडक
ठेगानाः पोखरा-३३, जामुनाबोट
योजना सम्झौता मिति : २०८२/०८/१५ गते
योजना सुरु मितिः २०८२/०८/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/२५ गते
योजनाको कुल लागतः रु. २,२२,३१०।
महानगरपालिकाबाटः रु. २,००,०००।-
जनसहभागिताबाटः रु. २२,३१०।-
उपभोक्ता समिति अध्यक्षः अमृत भण्डारी
सम्पर्क नं.: ९८६३४१७२३७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**खोर माथिबाट रातमाटे जाने सडक उपभोक्ता समिति पोखरा-३३**

# श्रीमतीको हत्या गरेर फरार भएका रमेश पक्राउ

**रासस**
म्याग्दी, ७ माघ

म्याग्दीको धवलागिरी गाउँपालिका-७ झिनडाडाँमा श्रीमतिको हत्या गरेर फरार भएका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

यही माघ ३ गते राति शौचालय गएकी झिनडाडाकी २० वर्षीया पुनमाया बिकको हत्या गरेर फरार भएका पोखरा महानगरपालिका-२३ ठुलाखेत घर भई पोखराको सिर्जनाचोकमा डेरा गरेर बस्ने ३२ वर्षीय प्रेम भनिने रमेश कामीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

रमेशलाई बुधबार मुलकी अपराध संहिता २०७४ बमोजिम ज्यानसम्बन्धी कसुर मुद्दामा म्याग्दी जिल्ला अदालतबाट पाँच दिनको अनुमति लिएर अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरी निरीक्षक गोविन्द सुवेदीले जानकारी दिनुभयो। पुनमायाको हत्या भएको भोलिपल्ट माघ ४ गते साँझ ९ बजे पोखरा महानगरपालिका-१७ बिरटैाबाट पक्राउ परेका थिए।

प्रहरीसँग रमेशले पोखराबाट बागलुङको ढोरपाटन हुँदै झिनडाडास्थित माइतीघर पुगेकी पुनमायाको शरिरको विभिन्न भागमा चक्कु प्रहार गरी हत्या गरेको स्वीकार गरेका छन्। रमेशको साथबाट प्रहरीले घटनाको समयमा लगाएको रगत जस्तो रातो पदार्थ लागेको दाग देखिने कम्ब्याट ज्याकेट, रेडमी मोवाइल, एनसेल र नेपाल टेलिकमको सिम बरामद गरेको छ।

## अचल सम्पत्ति (जग्गा) बिक्री गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२ /१०/०८ गते, पोखरापत्र राष्ट्रिय दैनिक**

यस बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१७, कास्कीको स्वामित्वमा रहेको जग्गा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१६ बाटुलेचौर स्थित, नक्सा सिट नं. ०९३०७१९१८ मा कित्ता नं. २१ र क्षेत्रफल ४१४.५० वर्ग मिटर रहेको जग्गा बिक्री गर्न यस संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा नियमावली २०७६ र यस संस्थाको विनियम तथा नियमावली २०५६ ले दिएको अधिकार प्रयोग गरी जग्गा (अचल सम्पति) गोप्य शिलबन्दी प्रक्रिया मार्फत बिक्री गर्ने निर्णय भै आएको हुँदा उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुमा तपशिलमा उल्लेखित शर्त बन्देजहरुको परिधिमा रही गोप्य शिलबन्दीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**गोप्य शिलबन्दी बोलपत्रका आवश्यक शर्तहरु :**

१. संस्थाको कार्यालयबाट बोलपत्र फारम रु १,०००/- (अक्षेरुपी रु. एक हजार रुपैयाँ मात्र।) फिर्ता नहुने गरी बुझाई कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. जग्गाको न्यूनतम मूल्य रु. ५४,५०,०००।- (अक्षरुपी चौउन्न लाख पचास हजार मात्र।) कायम गरिएको छ।
३. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। बिक्री हुने जग्गा र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
४. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था बिदा परेमा बिदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दिउँसो ठिक २:०० बजेदेखि बोलपत्र खोलिनेछ।
५. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको अचल सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। सकार मूल्यको १०% (दश प्रतिशत) ले हुन आउने रकम यस संस्थाको नाममा सञ्चालनमा रहेको गरिमा विकास बैंक पोखरा-१७, बिरौटा शाखाको खाता नं. ००८००१००६६०६१५००००००२ मा नगद दाखिला गरी सोको भौचर शिलबन्दी बोलपत्रका साथ पेश गरेको हुनुपर्नेछ।
६. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ। संस्थाको नियम अनुसार स्वीकृत भएको मितिले १५ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई सम्बन्धित जग्गा आफ्नो नाममा नामसारी गर्ने प्रकृया सम्पन्न गर्नुपर्नेछ। यदि बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १०% (दश प्रतिशत) रकम स्वतः जफत हुनेछ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त भएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. कुनै पनि अवस्थामा जग्गा बिक्री प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धित सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहेको छ।
९. उक्त जग्गाको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानीय कर, लाभ कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि जग्गा सकार गर्ने व्यक्ति वा संस्थाले तिर्नुपर्नेछ।
१०. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
११ लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१२. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१३. यस सूचना प्रकाशित भएको ३६ औं दिनमा दिनको ठीक २:०० बजे बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७, बिरौटा, कास्कीको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

| बोलपत्र पेश गर्ने अन्तिम दिन | बोलपत्र खोल्ने दिन |
|---|---|
| मितिः २०८२/११/१३ गते बुधबार<br>स्थानः बाराही बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय<br>समयः विहान १०:०० बजेदेखि दिउँसो ०४:३० बजेसम्म | मितिः २०८२/११/१४ गते बिहीबार<br>स्थानः बाराही बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय<br>समयः दिउँसो २:०० बजेदेखि |

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१७, कास्की, फोन नं.: ०६१-४५३१८७**